अग्नीसाइर कृष्णासवरन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सीतापुर, सप्तरी

# आर्थिक ऐन २०७८

अग्नीसाइर कृष्णासवरन गाउँपालिका

सीतापुर, सप्तरी

प्रदेश नं. २

गाउँ सभाबाट स्वीकृत मिति : २०७८/०३/०४ गते

Scanned with CamScanner

आर्थिक वर्ष २०७८।०७९ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनकि व्यवस्थापन गर्न बनेको अग्नीसाइर कृष्णासवरन गाउँपालिका आर्थिक ऐन २०७८ सम्वन्धी विधेयक र आ.व. २०७८।०७९ को गाउँपालिका वडा समिति विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थापनको रकम संचित कोषवाट खर्च गर्न वनेको अग्नीसाइर कृष्णासवरन गाउँपालिका विनियोजन ऐन २०७८ सम्वन्धी विधेयकलाई स्वीकृतिका लागि अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको आठौं सम्मानित गाउँसभामा स्वीकृतिको लागि पेश गरेको छु ।

साथै समुदायस्तर, वडा समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति हुँदै गाउँकार्यपालिकाबाट छनौट गरी प्राथमिककरण भई पेश भएको आ.व. २०७८।०७९ मा गाउँपालिकाबाट संचालन हुने र गाउँपालिका मार्फत अन्य निकाय (संघिय सरकार, प्रदेश सरकार) मा पेश गर्नुपर्ने गरी प्राप्त भएको योजनाहरु स्वीकृतिका लागि पेश गर्दछु ।

## अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको

# आर्थिक ऐन-२०७८

**अग्नीसाइर कृष्णासवनर गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयनगर्न बनेको विधेयक**

**प्रस्तावनाः**

अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम अग्नीसाइर कृष्णासवरनगाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः
   (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७८ रहेको छ ।
   (२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि अग्नीसाइर कृष्णासवरन गाउँपालिकाक्षेत्रमा लागू हुनेछ ।
२. सम्पति करःगाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।
३. भूमि कर (मालपोत)गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।
४. घर वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।
५. व्यवसाय करःगाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।



Scanned with CamScanner

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर**:गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर**:गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन कर**:गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर**:गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क**:गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **सेवा शुल्क, दस्तुर**:गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (९) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीवाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **पार्किङ शुल्क**:गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (११) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **पर्यटन शुल्क**:गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएको स्थानमा प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४। **कर छुट**:यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।तर ऐनमा उल्लेख भए बमोजिम करको दरमा सहुलियत प्रदान गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

१५। **अधिकार प्रत्यायोजन** : यस ऐनमा उल्लेख हुन छुट भएका करका दायराहरुको सम्बन्धमा गाउँ कार्यपालिकाको निर्णयवाट निर्णधारण गरि असुल उपर गर्न सकिनेछ । सो बमोजिम निर्धारित गरिएको कर यसै ऐन बमोजिम निर्धारण भएको मानिनेछ।

१६। **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि**: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

१७। **खारेजी र बचाउ** : यो ऐन लागु हुनु भन्दा अगावै गाउँपालिकाले असुल गरेका कर तथा दस्तुरहरु यसै ऐन बमोजिम असुल गरेको मानिनेछन् । र यो ऐन लागु भइसकेपछि यो ऐन अनुसार मात्र करहरु असुल गर्न पर्नेछ।

## अनुसूची-१
## भूमि कर

| सि.नं. | शिर्षक | बार्षिक दर |
|---|---|---|
| १. | घर जग्गा कर | |
| | १० लाख सम्मको | कर नलाग्ने |



Scanned with CamScanner

| | | |
|---|---|---|
| | १० लाख भन्दा बढी देखि ३० लाख सम्मको | ०.१० प्रतिशत |
| | ३० लाख भन्दा बढी देखि ५० लाख सम्मको | ०.२५ प्रतिशत |
| | ५० लाख भन्दा बढी देखि १ करोड सम्मको | ०.५० प्रतिशत |
| | १ करोड भन्दा माथि | १.५ प्रतिशत |
| | | |
| २. | **मालपोत कर** | |
| | असिंचित जग्गाको (मालपोत प्रति कठा वा न्यूनतम) | रु. १०/- |
| | सिंचित जग्गाको (मालपोत प्रति कठा वा न्यूनतम) | रु. १०/- |
| | बिटोरी जग्गा (प्रति धुर) | रु. १००/- |
| | बिटोरी जग्गा दा.खा. | रु. १०००/- |

**नोटः**

(क) घर जग्गा कर र मालपोत कर तोकिए बमोजिम वार्षिक रुपमा चुक्ता नगरिएमा प्रचलित ऐन, कानूनको अधिनमा रही वार्षिक १० प्रतिशतका दरले थप जरीवाना गरिनेछ ।

## अनुसूची–२
## (घरबहाल कर)

| | |
|---|---|
| १. | यस गा.पा. क्षेत्र भित्रका घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा वा पोंखरी पुरै वा आंशिक रुपमा वहालमा दिएकोमा सम्बन्धित धनीबाट बहाल रकमको १० प्रतिशत बहाल कर लिइने छ । |

## अनुसूची –३
## (व्यवसाय कर/नविकरण शुल्क)

**वार्षिक व्यवसाय कर :**

| क्र.सं | व्यवसायको नाम | रकम रु. | थोक | कैफियत |
|---|---|---|---|---|
| १. | किराना पसल | १५००/- | | |
| २. | किराना पसल (बजारमा) | २५००/- | | |
| ३. | किराना पसल (होलसेल) | ५०००/- | | |
| ४. | पान पसल | १०००/- | | |
| ५. | फोटो स्टुडियो | १०००/- | | |
| ६. | जुत्ता चप्पल पसल | १०००/- | | |
| ७. | सैलुन, ब्युटी पार्लर | १०००/- | | |
| ८. | टेलर्स | १०००/- | | |
| ९. | कपडा पसल | १५००/- | | |
| १०. | रेडिमेड कपडा पसल | २०००/- | | |
| ११. | हार्डवेयर | ३०००/- | | |
| १२. | मासु पसल | ३०००/- | | |
| १३. | कुखुरा मासु र अण्डा पसल | १५००/- | | |
| १४. | आयुर्वेदिक औषधालय | १५००/- | | |
| १५. | मदिरा पसल | ३०००/- | | |
| १६. | स्टेशनरी | १०००/- | | |

| | | | | |
|---|---|---|---|---|
| १७. | भाडा पसल | १५००/- | | |
| १८. | इलेक्ट्रोनिक्स सामान मर्मत पसल | १०००/- | | |
| १९. | टेन्ट हाउस | ५०००/- | | |
| २०. | सुनचाँदी बिक्री गर्ने | ३०००/- | | |
| २१. | सुनचाँदी मर्मत सम्भार | १०००/- | | |
| २२. | तरकारी पसल | १५००/- | | |
| २३. | रेमिटान्स दर्ता | ३०००/- | | |
| २४. | कुटानी पिसानी मिल | २०००/- | | |
| २५. | भेटेरीनरी पसल | १५००/- | | |
| २६. | पेडा पसल, चिया, नास्ता, मिठाई पसल | १५००/- | | |
| २७. | मदिरा रहित भोजनालय | ३०००/- | | |
| २८. | मदिरा सहित भोजनालय | ५०००/- | | |
| २९. | फलफुल पसल | १५००/- | | |
| ३०. | औषधी पसल | २०००/- | | |
| ३१. | सहकारी संस्था दर्ता | ५०००/- | | |
| ३२. | **डिलर तथा थोक बिक्रेता** | | | |
| | (क) पिउने पानी (प्यूरिफियर) बितरण पसल कोक, प्रेप्सी डिलर | १२००/- | | |
| | (ख) साल्ड ट्रेडिङ्ग डिलर | १०००/- | | |
| | (ग) कृषि सामाग्री संस्थानको डिलर | १०००/- | | |
| | (घ) चुरोटको डिलर (प्रति डिलर) | ५०००/- | | |
| ३३. | काटा राखी खरिद बिक्री गर्ने गल्ला पसल | १०००/- | | |
| ३४. | खसी, सुँगुर, राङ्गाको मासु बिक्री गर्ने | ३०००/- | | |
| ३५. | कुखुराको अण्डा र मासु बिक्री गर्ने । | १५००/- | | |
| ३६. | होटलहरु | | | |
| | (क) रिसोर्ट | ६०००/- | | |
| | (ख) रेष्टुरेन्ट एण्ड वार | ५०००/- | | |
| ३७. | तारे होटल | १००००/- | | |
| ३८. | मदिरा समेत बिक्री गर्ने होटलहरु | ५०००/- | | |
| ३९. | मदिरा रहित भोजनालय पसल आदि | २५००/- | | |
| ४०. | चिया नास्ता तथा मिठाई पसल | १५००/- | | |
| ४१. | चिसो हल्का पेय पदार्थ | २०००/- | | |
| | मदिरा मात्र बिक्री पसल | ३०००/- | | |
| ४२. | लजहरु | ३०००/- | | |
| ४३. | जुत्ता चप्पल पसल | १०००/- | १५००/- | |
| ४४. | जुत्ता सिलाइ पसल | ३००/- | | |
| ४५. | औषधि पसलहरु | १०००/- | १५००/- | जाँचगरी औषधि वेच्नेलाई २०००/- |
| ४६. | आँखा क्लिनिक सहितको चश्मा पसल | १०००/- | | |

| | | | | |
|---|---|---|---|---|
| ४७. | दन्त हस्पिटल | ३०००/- | | |
| ४८. | **स्वास्थ्य सेवाहरु** | | | |
| | (क) नर्सिङ्ग होम | ५०००/- | | |
| | (ख) एम.बि.बि.एस क्लिनिक | २०००/- | | |
| | (ग) अ.हे.व.,हे.अ.,सि.एम.ए.,कविराज क्लिनिक सेवा | १५००/- | | |
| | (घ) एक्सरे क्लिनिक | १५००/- | | |
| | (ङ) प्रयोगशाला (ल्याव) | १५००/- | | |
| | (च) भेटेरीनरी चिकित्सक | १५००/- | | |
| | (छ) प्राकृतिक चिकित्सा अक्युपंचर | १५००/- | | |
| | (ज) गैर-सरकारी अस्पताल | ७०००/- | | |
| | (झ) क्लिनिक तथा ल्याव | ३५००/- | | |
| ४९. | पुस्तक तथा पत्रिका स्टेशनरी | १०००/- | २०००/- | |
| ५०. | **फर्निचर पसल तथा सो रुम** | | | |
| | स्टिल तथा काठ फर्निचर डिलर सहितको सोरुम | ३०००/- | | |
| ५१. | कलर ल्याव | २०००/- | | |
| ५२. | केवल नेटवर्क | ५०००/- | | |
| ५३. | डेरी दुध उत्पादन तथा बितरण पसल | ५०००/- | | |
| ५४. | **कुखुरा पालन** | | | |
| | क) १ हजार भन्दा माथि पाल्नेलाई | १५००/- | | |
| | ख)१ हजार भन्दा कम पाल्नेलाई | १०००/- | | |
| ५५. | इलेक्ट्रोनिक सामान विक्री तथा पार्ट पुर्जा पसल | १५००/- | | |
| ५६. | कम्प्युटर, टिभी, फोटोकपी, एम्प्लिफायर डिलर | ३०००/- | | |
| ५७. | फोटोकपी, कम्प्यूटर, फ्याक्स, पंखा, डेक मर्मत पसल | १०००/- | | |
| ५८. | फोटोकपी, कम्प्यूटरप्रिन्ट, टेलिफोन,फ्याक्स, लेमिनेशन पसल | १०००/- | | |
| ५९. | निजी नर्सरी | १०००/- | | |
| ६०. | घडी, रेडियो बिक्री तथा मर्मत पसल | १२००/- | | |
| ६१. | शिसाका सामान बेच्ने क्लास हाउस | १०००/- | | |
| ६२. | मट्टी तेल, पेट्रोल, डिजल समेतको पम्पलाई | ३५००/- | | |
| ६३. | मट्टी तेल डिलर | १०००/- | | |
| ६४. | विजुलीका सामाग्री विक्री पसल | १५००/- | | |
| ६५. | रंग रोगन सम्वन्धी | १५००/- | २०००/- | |
| ६६. | साइकल तथा पार्टस विक्री पसल | १५००/- | | |
| ६७. | ग्याँस विक्री गर्ने पसल | २०००/- | | |
| ६८. | डिपार्टमेन्टल स्टोर | ७०००/- | | |
| ६९. | अडियो भिडियो क्यासेट विक्री तथा | ५००/- | | |

| | | | | |
|---|---|---|---|---|
| | भाडा पसल | | | |
| ७०. | ट्राभल एजेन्सी | १०००/- | | |
| ७१. | टायर डिलर | २५००/- | | |
| ७२. | सिनेमा हल | ५०००/- | | |
| ७३. | मेला कार्यक्रम प्रति दिन | १०००/- | | |
| ७४. | ब्रास बैण्ड पार्टी | १०००/- | | |
| ७५. | **निर्माण व्यवसायी ठेकेदारी** | | | |
| | क श्रेणी | १००००/- | | |
| | ख श्रेणी | ८०००/- | | |
| | ग श्रेणी | ६०००/- | | |
| | घ श्रेणी | ५०००/- | | |
| ७६. | कन्सल्टेन्सी | १५००/- | | |
| ७७. | **निजी बित्तिय संस्थाहरु** | | | |
| | (क) आर्थिक कारोवार गर्ने बित्तिय कम्पनी | ५०००/- | | |
| | (ख) सहकारी बैंक तथा सहकारी संस्था | ५०००/- | | |
| | (ग) विमा कम्पनी | ४०००/- | | |
| | (घ) कमिसन एजेन्ट | २०००/- | | |
| | (ङ) जग्गा खरिद बिक्री | ६०००/- | | |
| | (छ) कुरियर सेवा | १५०० /- | | |
| | (ज) मनि ट्रान्सफर | ३०००/- | | |
| | (झ) सेक्रेटेरियल सेवा | १५००/- | | |
| ७८. | टेन्ट हाउस | ४०००/- | | |
| ७९. | **निजी विद्यालय शिक्षण संस्था** | | | |
| | (क) मन्टेश्वरी | ५०००/- | | |
| | (ख) आधारभुत तह | १००००/- | | |
| | (ग) माध्यमिक तह | २००००/- | | |
| | (घ) स्तरबृद्धि वार्षिक | ५०००/- | | |
| | (ङ) ट्युसन सेन्टर | १०००/- | | |
| | (च) व्यवसायिक प्रशिक्षण केन्द्र | ४०००/- | | |
| | (छ) प्राविधिक शिक्षण संस्था | ३०००/- | | |
| ८०. | (क) विज्ञापन एजेन्सी | २०००/- | | |
| | (ख) विज्ञापन सेवा | १५००/- | | |
| ८१. | होम डेलिभरी सर्भिस | १०००/- | | |
| ८२. | व्यवसायिक रुपमा पार्किङ्ग, प्रचार प्रसार गर्ने | १०००/- | | |
| ८३. | टाईपिंग,कम्प्युटर,तथा भाषा प्रशिक्षण संस्था | ४०००/- | | |
| ८४. | भिडियो गेम | १०००/- | | |
| ८५. | ग्रिल फलामको झ्याल, ढोका वेल्डिङ्ग आदि वनाउने | २०००/- | | |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ८६. | बस, ट्रक, ट्याक्टर मर्मत ग्यारेज | ३०००/- | | |
| ८७. | मोटरसाइकल, साईकल, रिक्सा ग्यारेज | १५००/- | | |
| ८८. | उद्योग | | | |
| | (क) चाउचाउ उद्योग ठुलो | १००००/- | | |
| | (ख) बिस्कुट उद्योग | ५०००/- | | |
| | (ग) प्लाइउड उद्योग | ३०००/- | | |
| | (घ) बरफ उद्योग | १०००/- | | |
| | (ङ) काठ उद्योग ठुला स-मिल | ५०००/- | | |
| | (च) काठ डिपो | २०००/- | | |
| | (छ) स्टेशनरी वा कपी उद्योग | २०००/- | | |
| | (ज) छापाखाना (प्रिन्टिङ्ग) | २०००/- | | |
| | (झ) डिष्टिलरी ब्रुअरी उद्योग | ७०००/- | | |
| | (ञ) हल्का पेय जुस पदार्थ उद्योग | ५०००/- | | |
| | (ट) प्लास्टिक उद्योग | ४०००/- | | |
| | (ठ) पाउरोटी, केक, पेस्टी, डुनोट उद्योग | २०००/- | | |
| | (ड) गलैचा उद्योग | २०००/- | | |
| | (ढ) गारमेन्ट उद्योग | २०००/- | | |
| | (ण) खाद्य उद्योग | १५०००/- | | |
| | (त) ईटा तथा टायल उद्योग (भट्टा) | १५०००/- | | |
| | (थ) टायल उद्योग भट्टा | २४००/- | | |
| | (द) पशुपंक्षी आहार उद्योग | २५००/- | | |
| | (ध) तामा, पित्तल, आल्मुनियम, फलाम जस्ता उद्योग | २५००/- | | |
| | (न) जुत्ता तथा व्याग उद्योग | २०००/- | | |
| | (प) सिलाई वुनाई उद्योग | २०००/- | | |
| | (फ) स्वेटर वुन्ने उद्योग | २०००/- | | |
| | (व) सुर्ति, खैनी, चुना प्याकेजिंग उद्योग | २५००/- | | |
| | (भ) कवाडी संकलन तथा बिक्री पसल | २०००/- | | |
| | (म) एग्रोभेट, कृषि मल, विउ, औजार, किटनासक | २५००/- | | |
| | (य) जुट उद्योग | १००००/- | | |
| | (र) च्युरा, मुरही उद्योग | ५०००/- | | |
| | (ल) जुस, सस, अचार उद्योग | ६०००/- | | |
| | (व) सिमेण्ट, रिङ्ग पाइप तथा पोल उद्योग | २०००/- | | |
| | (श) खैनी उद्योग | ३०००/- | | |
| | (ष) चुरोट विडी उद्योग | ५०००/- | | |
| | (स) चिप्स उद्योग | २०००/- | | |
| ८९. | स्वदेशी रोजगार सेवा | २५००/- | | |
| ९०. | वैदेशिक रोजगार सेवा | ८०००/- | | |
| ९१. | बिक्री (डिपो) डिलरको बिक्री कक्ष वा सोरुम | | | |

| | | | | |
|---|---|---|---|---|
| | (क) साइकल | २०००/- | | |
| | (ख) रिक्सा | २५००/- | | |
| | (ग) मोटरसाइकल स्कुटर | १०,०००/- | | |
| | (घ) टेम्पो र सफा टेम्पो | ७०००/- | | |
| | (ङ) बस, ट्रक, कार,/ जीप भ्यान, ट्याक्टर | १५०००/- | | |
| | (च) ब्याट्री साइकल | ३०००/- | | |
| ९२. | कफि हाउस | १५००/- | | |
| ९३. | कपडामा वुट्टा भरी विक्री गर्ने वुटिक | १५००/- | | |
| ९४. | टायल मार्वल | २५००/- | | |
| ९५. | रेडियो प्रशारण एफ.एम. | ५०००/- | | |
| ९६. | साईवर क्याफे | २५००/- | | |
| ९७. | शीत भण्डार | ५०००/- | | |
| ९८. | मासु कोल्ड स्टोर | ५०००/- | | |
| ९९. | ढुंगा,गिटी,वालुवा,माटो ईटा आदीको सप्लाई/ढुवानी व्यवसाय(थोक एवं खुद्रा दुवै) | ५०००/- | | |
| १००. | हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरिद विक्री रियल स्टेट | ४०००/- | | |
| १०१. | साइन वोर्ड वनाउने पेंन्टिङ्ग सेवा | १५००/- | | |
| १०२. | पत्रपत्रिका प्रकाशन सेवा | २०००/- | | |
| १०३. | मिल (कुटानी पिशानी) | १०००/- | | |
| १०४. | कृषि सम्वन्धी फर्म, व्यवसाय, समुह दर्ता तथा नविकरण | ५००/- | | |
| १०५. | **एम्बुलेन्स** | | | |
| | गा.पा.देखि धरान, विराटनर, ईटहरीसम्म | ३५००/- | | |
| | गा.पा.देखि राजविराजसम्म | १०००/- | | |
| | गा.पा. देखि लहानसम्म | १८००/- | | |
| | गा.पा. देखि भरतपुरसम्म | १५०००/- | | |
| | गा.पा. देखि काठमाण्डौ सम्म | १८०००/- | | |
| | यस भन्दा वाहेक प्रति कि.मी. ३०/- रुपैया | | | |
| १०६. | **जे.सि.बी.** | | | |
| | तेल सहित प्रति घण्टा | २०००/- | | |
| | तेल वाहेकको प्रति घण्टा | १८००/- | | |

द्रष्टव्यः-

१. यसमा नपरेका नयाँ किसिमका पेशा र व्यवसायको प्रकृति हेरी गाउँपालिकाबाट १००/- देखि ५०००/- सम्म कर निर्धारण गरी लगाउन सकिने छ ।

२. साथै कुनै किसिमवाट फरक–फरक दस्तुर भएका तर समान अर्थ वुभिने शीर्षक वाभिन गएमा बढी दस्तुर भएको शीर्षकलाई मान्यता दिई सोही अनुसार कर लिईने छ ।



Scanned with CamScanner

३. गाउँपालिकाक्षेत्रमा व्यवसाय संचालन गर्नेले व्यवसाय सुरु गर्नु भन्दा पुर्व वा बढीमा ३५ दिन भित्र व्यवसायीक प्रमाण पत्र अनिवार्य रुपमा लिनु पर्ने छ । अन्यथा प्रचलित ऐन,कानुन बमोजिम जरीवाना लाग्ने छ ।

४. हकवालाको नाममा व्यवसाय प्रमाण पत्र नामसारी गर्दा रु.३००/- दस्तुर लिइने छ ।

५. व्यवसाय प्रमाण पत्रको लगत कट्टा गर्दा चालु आ.व. सम्मको कर चुक्ता गर्नु पर्ने तथा लगत कटा वापत रु ३००/- दस्तुर लिइनेछ ।

६. प्रत्येक व्यवसायीहरुले प्रत्येक आ.व.को असार मसान्तभित्र व्यवसायीक प्रमाणपत्रको नविकरण गर्नुपर्ने छ । यदि प्रत्येक वर्ष नविकरण नगरीएको मा प्रत्येक वर्ष थप रु. १०% का दरले जरिवाना शुल्क लाग्नेछ ।

## अनुसूची -४
### (जडिवुटी, कवाडी र जीवजन्तु कर)

| | |
|---|---|
| कवाडी र जिवजन्तु कर | गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानुनले निषेधित गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तु को हाड, सिङ, प्वाँख छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत देहाय अनुसारको कर लगाउन उपयुक्त हुने । -<br>**देहाय :**<br>साना गाडि प्रति पटक रु. १०००/-<br>ठुला गाडि प्रति पडक रु. २०००/- |

## अनुसूची -५
### सवारी साधन कर

| | | |
|---|---|---|
| सवारी साधन कर | १) भाडाका टेम्पो | रु.१०००/- |
| | २) ई.रिक्शा | रु.५००/- |
| | ३) ठेलागाडा, रिक्शा | रु.२००/- |

## अनुसूची -६
### (विज्ञापन कर)

| | विज्ञापन कर | सार्वजनिक स्थलका दर रेट |
|---|---|---|
| १. | सब वोर्डिङ्ग प्रति वर्ग फिट | रु. ३०/- |
| २. | होर्डिङ्ग वोर्ड प्रति वर्ग फिट | रु. ६०/- |
| ३. | ग्लोसाईन वोर्ड प्रति वर्ग | रु.७५/- |
| ४. | भित्ते लेखन प्रति वर्ग फिट | रु.२०/- |
| ५. | व्यानर प्रति गोटा प्रति वर्ष | रु.७५०/- |

| | | |
|---|---|---|
| ६. | पर्खाल/वार/भित्तामा पोतिएकोप्रति वर्ग | रु. ५०/- |
| ७. | सार्वजनिक स्थलमा साइनवोर्ड राखिएकोप्रति वर्ग | रु. ५०/- |
| ८. | पोल/व्यानरप्रति वर्ग | रु. ५०/- |
| ९. | गाडिमा गरिने विज्ञापन प्रति वर्ग | रु. ५०/- |

## अनुसूची -७
## (मनोरन्जन कर)

| | |
|---|---|
| मनोरन्जन कर | प्रदेशले निधारुण गरे बमोजिम हुने । |

## अनुसूची -८
## (बहाल बिटौरी कर)

**गाउँपालिकाको सटर भाडा वा सो सरह अन्य प्रकृतिको घर वा जग्गा भए**

| | |
|---|---|
| पक्की गिलेशन प्रति सटर | रु. २०००/- |
| टिनको छानो प्रति सटर | रु. १५००/- |
| कठघरा प्रति | रु. ५००/- |

| | |
|---|---|
| बहाल विटौरी कर | माथी उल्लेखित दरमा नघटने गरी गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख, वा सञ्चालन गरेको हाट वजार, पसल, हल, सामुदायिक भवन, जग्गा वा अन्य कुनै पनि किसिमको सम्पति/व्यवसायिक भवन प्रयोगमा ल्याइएकोमा प्रतिस्पर्धाको आधारमा हुन आउने अधिकतम रकम बहाल विटौरी करको रुपमा लगाउन उपयुक्त हुने । |

## अनुसूची -९
## (सेवा शुल्क दस्तुर)

**सिफारिस तथा नाता प्रमाणित दस्तुर**

| क्र.सं. | बिवरण | दर रु | कैफियत |
|---|---|---|---|
| १. | मोही नामसारी सिफारिस दस्तुर | १०००/- | एक कठ्ठा भन्दामाथि भए प्रति कठ्ठा थप रु.५०/- लाग्नेछ |
| २. | नागरिकता प्रमाणपत्र तथा प्रतिलिपीको सिफारिस | १००/- | |
| ३. | सर्जमिन गरी गरिने नागरिकता सिफारिस | ५००/- | |
| ४. | अंगिकृत नागरिकताको सिफारिस | १०००/- | |
| ५. | जग्गा नामसारी सिफारिस | ५००/- | एक कठ्ठा भन्दामाथि भए प्रति कठ्ठा थप रु.२०/- लाग्नेछ । |
| ६. | नाता प्रमाणित दस्तुर | २५०/- | वैदेशिक प्रयोजनको लागि १०००/- |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ७. | चरित्र प्रमाणित सिफारिस | २००/- | |
| ८. | नाम, ठेगाना आदि सच्याउने सिफारिस | २००/- | |
| ९. | बसोवास प्रमाणित | २००/- | |
| १०. | घर प्रमाणित पक्की घरको | ५००/- | |
| ११. | कच्ची घरको | २००/- | |
| १२. | विवाह प्रमाणित | २००/- | |
| १३. | टेलिफोन जडान सिफारिस | ५००/- | |
| १४. | विद्युत जडान सिफारिस | ३००/- | |
| १५. | संस्था दर्ता सिफारिस | १०००/- | |
| १६. | सिनेमा हल खोल्न स्वीकृत | १००००/- | |
| १७. | मोही लगत कट्टाको सिफारिस | ५००/- | एक कट्ठा माथि प्रतिकट्ठा थप ५०/- |
| १८. | समूह दर्ता सिफारिस | ५००/- | |
| १९. | पञ्जिकरण दस्तुर (व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क) (बसाई सराई बाहेक) | २००/- | ३५ दिन भित्र दर्ता भए निःशुल्क |
| २०. | पञ्जिकरण नक्कल दस्तुर (व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर) | ५००/- | |
| २१. | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताव हेरेको दस्तुर | २००/- | |
| २२. | बसाई सराई | १०००/- | |
| २३. | सहुलियत काठको सिफारिस | २००/- | |
| २४. | नम्वरी जंगगाको रुख काटने प्रति गोटा सिफारिस | १००/- | |
| २५. | घर सारी पाउँ भन्ने सिफारिस | १०००/- | |
| २६. | पेन्सन पट्टाको सिफारिस | ५००/- | अन्य देशको रु.१०००/- |
| २७. | सर्जमिन गरी सिफारिस गर्नुपर्नेमा सर्जमिनको लागि छुट्टै | ५००/- | |
| २८. | अपुतालिको सिफारिस | | |
| | (क) नेपालीको लागि | १०००/- | |
| | (ख) विदेशीको लागि | २०००/- | |
| २९. | चार किल्ला प्रमाणित | २००/- | बाँकी थप प्रति कित्तामा रु.१००/- थप दस्तुर लाग्ने छ। |
| ३०. | **जग्गा मुल्याङ्कन घर समेत सिफारिस** | | |
| | (क) रु.५०,०००/- सम्मको | ३००/- | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | (ख) रु.५०,००० /- भन्दा माथि र १००००० /- सम्मलाई | ५००/- | सो भन्दा माथी भए प्रति एक लाखमा रु १००/- थप |
| | (ग) नापि शाखा कार्यालयको सिफारिस नक्सा दस्तुर | ३००/- | |
| | (घ) नाता जन्म प्रमाणित अंग्रेजीमा दर्ता सिफारिस | १०००/- | |
| ३१. | घरेलु उद्योग (सर्जमिन र सिफारीस सहित) | १०००/- | |
| ३२. | कारखाना (सर्जमिन र सिफारीस सहित) | १०००/- | |
| ३३. | खानेपानी जडान सिफारिस | २५०/- | |
| ३४. | उद्योग व्यवसायी वन्द गर्ने सिफारिस | १०००/- | |
| ३५. | हैसियत प्रमाणित/सम्पति मुल्यांकन सेवा शुल्क | रु १/- प्रति हजारका दरले | |
| ३६. | अन्य सिफारिस | ३००/- | |
| ३७. | उद्योग दर्ता सिफारिस | १०००/- | |
| ३८. | वार्षिक आम्दानी प्रमाणित | १/- | प्रति हजारका दरले |
| ३९. | मालपोत कार्यालयको लागि गरिने सिफारिस( माथी कुनै शिर्षकमा नपरेका लागी) | ५००/- | |
| ४०. | ज.ध. प्रमाण पत्र को लागी सिफारीस | ३००/- | |
| ४१. | घर वाटो कायमको सिफारीस | ३००/- | |
| ४२. | निर्माण सामाग्री डिलरसिप सिफारिस | १०००/- | |
| ४३. | उद्योग ठाउसारी सिफारिस | १०००/- | |
| ४४. | डिलर सीप सिफारिस | १०००/- | |
| ४५. | जुनसुकै नक्कल दस्तुर | ५००/- | |
| ४६. | मिलापत्र दस्तुर | ३००/- | |
| ४७. | उजुरी दर्ता तथा मुद्दा दस्तुर | २००/- | |
| ४८. | प्रतिउत्तर दस्तुर | २००/- | |
| ४९. | राहदानी सिफारीस दस्तुर | ५००/- | |
| ५०. | स्वास्थ्य उपचारको सिफारिस(निःशुल्क) | निःशुल्क | |
| ५१. | ज्येष्ठ नागरिक/एकल महिला प्रमाणित | निःशुल्क | |
| ५२. | पालणपोषणका लागि सिफारिस गर्ने | निःशुल्क | |
| ५३. | दैविक प्रकोप घटना सिफारिस | निःशुल्क | |
| ५४. | कोर्ट फि मिनाहा सिफारिस | निःशुल्क | |
| ५५. | विपन्नता प्रमाणित गर्ने | निःशुल्क | |

| ५६. | सम्पन्नता प्रमाणित गर्ने | ५००/- | |
|---|---|---|---|

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | निवेदन दस्तुर | १०/- |
| २ | निवेदन फारम दस्तुर | २०/- |
| ३ | व्यवसाय प्रमाणपत्र दस्तुर | ५०/- |
| ४ | व्यवसाय नामसारी/प्रतिलिपी/साझेदार थप घट | २००/- |
| ५ | रु. २० लाख सम्मको शिलवन्दी दरभाउपत्र | १०००/- |
| ६ | रु. २० लाख माथि २ करोड सम्मको वोलपत्र | ३०००/- |
| ७ | रु २ करोड माथि १० करोड सम्मको वोलपत्र | ५०००/- |
| ८ | रु. १० करोडा माथि २५ करोड सम्मको वोलपत्र | १००००/- |
| ९ | रु. २५ करोड माथि जतिसुकै भएपनि | २००००/- |

नोट :

- न्यायिक समितिले लेनदेखनको विवाद निरुपण गरे वापतको रकमको २% हुने रकम लाग्ने छ।
- यसमा नपरेका अन्य प्रकृतिका सिफारीसको दस्तुर रु. ३००/- लिईने छ । र सर्जमिन गर्नु परेमा थप शुल्क रु ५००/- लाग्ने छ ।
- माथि उल्लेखित सिफारिस/प्रमाणित र दर्ता सम्वन्धि कागजात अंग्रेजी भाषामा उपलब्ध गराउनु परे सुरु दस्तुर दोव्वर लाग्ने ।
- वडावाट प्राप्त सिफारिसका आधारमा गाउँपालिकावाट प्रमाणित गर्नुपर्ने कागजातमा पुनः दस्तुर नलाग्ने ।
- माथि उल्लेखित सिफारिस/प्रमाणित र दर्ता सम्वन्धि कागजात हराई वा नष्ट भई सो को प्रतिलिपि लिन आउँदा सुरु दस्तुर लगाउन उपयुक्त हुन ।

**नक्कल दस्तुर**

गाउँपालिकावाट नक्कल प्रमांणित गर्दा देहाय वमोजिमको नक्कल दस्तुर लिइनेछ ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | नक्सा पास सम्वन्धि प्रमाणपत्रको प्रतिलिपी | रु. ३००/- |
| २ | घरको नक्साको प्रतिलिपी | रु. ३००/- |
| ३ | व्यवसाय प्रमाण पत्रको प्रतिलिपी | रु. ३००/- |
| ४ | अन्य प्रमाणको प्रतिलिपी | रु. १००/- |
| ५ | प्रमाणपत्र वाहेक अन्य कागजको प्रति पाना | रु. १०/- |



Scanned with CamScanner

हटिया तथा गुद्रि बट्टी निम्न दरहरु कायम गरिएको छ ।

| विवरण | दर | विवरण | दर |
|---|---|---|---|
| चुरा चामल चट्टीदार पसल १ मा | १५/- | ठेला गाडी प्रति | ३०/- |
| | | नून मात्र बेच्ने पसलमा | १०/- |
| सिलाई मेसिन प्रति पसल एक मसिनामा | १०/- | साबे डोरी बेच्ने पसल एकमा | १०/- |
| चुना मथवोभी हाडी, छाछीमा | १०/- | दाउरा वैल गाडीमा | २५/- |
| दाउरा थोक राख बेच्ने पसल | २५/- | दाउरा भार एकमा | १०/- |
| दाउरा मथवोभी एकमा | १०/- | बाँस प्रति गोटा | ५/- |
| मसला पसल | ३०/- | खर प्रति गाडी एकमा | २५/- |
| जलपान चमेना पसल एकमा | १५/- | खर एक वोभ | ५/- |
| जलपान चमेना पसल ढाकीमा | १०/- | तरकारी पसल (ठुलो) | ३०/- |
| पान ढोली, थोक विक्री गर्ने पसल | १५/- | सखर गुड बेच्ने पसल | १०/- |
| दही भारवाला पसलमा | १०/- | दवाई जडिबुटि बेच्ने | २०/- |
| खुर्पी, हसुवा, चक्कु, आदि फलामे पसल | ३०/- | खुर्पी, हसुवा मात्र बेच्नेलाई | १०/- |
| झाडु, कुचो, खररा पति पसल | १०/- | खैनी, सुर्ति, पिनी, कंकड प्रति पसल | १०/- |
| पटेर, परालको गुन्द्री (पटिया) प्रति गोटा | १०/- | पटेर, परालको पटिया थोक | २०/- |
| नाङ्लो सुप प्रति पसल | १०/- | खेलौना पसल | १०/- |
| पेड, पौधाको विरुवा बेच्ने पैति पसल | २०/- | घ्यु टिना पसलमा | १५/- |
| फाटा कम्पनीको कपडा बेच्ने | २५/- | घ्यु खुद्रा बेच्ने | १०/- |
| कपडा मिश्रित रेडिमेड पसल | ३०/- | कम्वल, राडी पसल | १०/- |
| शब्जी वैल गाडी पसल एकमा | २५/- | सब्जी चट्टिदार पसल छानाछाप्रोमा | २५/- |
| विज, विजन बेच्ने प्रति पसल | १५/- | मट्टितेल, करु तेल, खुद्रा बेच्ने पसल | १०/- |
| आलु बोरा प्रति पसल | ३०/- | आलु सानो ढाकीमा बेच्ने | १०/- |
| किराना सामान बेच्ने छानाछाप्रो भुई समेतमा | २०/- | मसला पसल | १०/- |
| मनिहारी, लटकेना पसल | २५/- | माटोको भाडा मथवोभी पसल | १०/- |
| चुडी, लहठी समेतको पसल | १५/- | विस्कुट, चकलेट, आइसक्रिम बेच्ने | १०/- |
| तेजपान पैति भार | १५/- | काको रही, बेल्चा, चक्ला आदि बेच्ने | १०/- |
| सनपाटको डोरी, सिक बेच्ने पसल | १०/- | टोकरी, ढाकी, छिटा बेच्ने प्रति पसल | १०/- |
| अत्तर, तेल, दवाई, साबु आदि | १०/- | अल्मुनियम, टिना, पित्तले द्रव्यको भाडा | २५/- |
| पुस्तक बेच्ने प्रति पसल | १०/- | दाढी कपाल काट्ने हजाम प्रति हजाम | १०/- |
| चटक खेल तामासा प्रति जमात | २०/- | छाता मर्मत गर्ने पसल | १०/- |
| टर्च, ताला आदि ममृत गर्ने | १०/- | जुत्ता मर्मत गर्ने पसल | १०/- |
| सुखेको खुर्सानी प्रति बोरा, भारमा | १०/- | पिठो मात्र बेच्ने | १०/- |
| **सुन्तला, कटहर, केरा जामुन, नासपाती, आाप** | | **माछा, मासु समेतको पसलमा** | |
| गाडी एकमा बेच्ने | ५०/- | सबै किसिमको माछा ठुलो प्रति पसल | ४०/- |
| बोरा एकमा बेच्ने | २०/- | माछा सानो सबै किसिमको ,, | ३०/- |
| भार एकमा बेच्ने | २०/- | खसि, बोका पसल एकको | ५०/- |
| डोको एकमा बेच्ने | १५/- | राँगा (भैस) को | १००/- |
| ढाकी एकमा बेच्ने | १०/- | हाँस, मुगी प्रति गोटाको हिसावले बेच्ने | ३०/- |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | परेवा प्रति जोडा | १५/- |
| | | अण्ड | १०/- |

**नोट:-** माल वाहेक हलुका तथा हैभी सवारी साधन हटिया भित्र पस्न मनाही गरिएको छ। अन्य हटिया बट्टी शुल्क जरिवाना वापत रु.३००। लाग्ने छ ।

## अनुसूची -१०
## (धुरि कर)

| करको किसिम | विवरण | करको दर |
|---|---|---|
| धुरी कर | पक्की घर | प्रति तला रु ३००/- बार्षिक |
| | अर्ध पक्कि | वार्षिक रु २००/- |
| | अन्य (कच्चि) | वार्षिक रु १००/- |

**घर नक्सा पास र अभिलेखिकरण दस्तुरः-**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | १००० वर्गफीट सम्मको नक्शा पास गर्दा प्रति, वर्गफीट | रु. २/- |
| २ | २००० वर्गफीट वर्गफीट सम्मको नक्शा पास गर्दा प्रति वर्गफीट | रु.२/५० |
| ४ | २००० वर्गफीट भन्दा माथि नक्शा पास गर्दा प्रति वर्गफीट | रु.३/- |
| ५ | जस्ता,पाता ,टायलको छानो भएको संरचनाको नक्शा पास प्रति व.फीट | रु.१/- |
| ७ | पर्खाल प्रति रनिङ फीट | रु. ५/- |
| ८ | घर नकशा निरीक्षण तथा सर्जमिन दस्तुर | रु.४००/- |
| ९ | प्रमाण पत्र दस्तुर | रु.१००/- |
| १० | उजुरी दस्तुर | रु.२५०/- |
| ११ | जग्गा नाप जाँच दस्तुर | रु.१०००/- |
| १२ | काठ वा फुसको घर | रु. ५००/- |

**सरसफाई शुल्क :**

गाउँपालिका क्षेत्रको सरसफाईको लागि सरसफाई तथा फोहरमैला व्यवस्थापन ऐन तथा प्रचलित ऐन,कानुन वमोजिम सरसफाई शुल्क निर्धारण गरिने छ ।

**पार्क शुल्क :-**

पिकनिक स्पोर्ट लगायत धार्मिक स्थलका मेलाहरु प्रचलित ऐन कानुनमा रही ठेक्काको माध्यमबाट कर लगाउने

## अनुसूची -११
## पार्किङ्ग शुल्क

**सवारी पार्किङ्ग तथा सरसफाइ शुल्कः-**

गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाले व्यवस्था गरेको र निर्माण गरेको पार्किङ्ग क्षेत्रमा पार्क हुने देहायका सवारी साधनहरुमा देहाय वमोजिम पार्किङ्ग शुल्क लिइने छ ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | विदेशी बस ट्रक लहरीमा दैनिक | रु. १००/- |
| २ | विदेशी साना सवारी साधनमा दैनिक | रु. ५०/- |
| ३ | भाडाका ट्याक्सी टेम्पो कार जिप भ्यानमा दैनिक | रु. २५/- |
| ४ | निजी कार, जिप टेम्पो भ्यानमा दैनिक | रु. १०/- |
| ५ | भाडा तथा निजी ट्याक्टर मिनिबस मिनी ट्रकमा दैनिक | रु. १५/- |



Scanned with CamScanner